Contact:
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

**Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu**

# Press Release

Date: 2076.09.02

## राष्ट्रिय वाणिज्य बैंकको सहयोगमा निर्मित
## नेपाल प्रहरी अस्पताल रक्त संचार केन्द्रको शुभारम्भ

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको संस्थागत समाजिक उत्तरदायित्व अन्तर्गत नेपाल प्रहरी अस्पताल, काठमाडौंमा निर्मित रक्त संचार केन्द्रको बुधबार नेपाल प्रहरीका प्रहरी महानिरिक्षक सर्वेन्द्र खनाल र बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले संयुक्त रुपमा समुद्घाटन गर्नुभएको छ । राष्ट्रिय वाणिज्य बैंकको रु. ४० लाख सहयोगमा रक्त संचार केन्द्र निर्माण भए बापतको चेक रकम बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले नेपाल प्रहरीका प्रहरी महानिरिक्षक सर्वेन्द्र खनाललाई सो समारोह हस्तान्तरण गर्नुभएको छ । सो समारोहमा प्रहरी महानिरिक्षक सर्वेन्द्र खनालले मानवता सम्बन्धि पुनित कार्यमा राष्ट्रिय वाणिज्य बैंकले सहयोग गरेकोमा कृतज्ञता ब्यक्त गर्नुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले नेपाल प्रहरीलाई आधुनिक बैंकिङ्ग सेवा दिन बैंक संधै तत्पर रहेको र आवश्यक भएमा बैंकले नयां क्षेत्रमा सहयोग गर्ने बताउनुभयो ।
बि.स. २०४० सालबाट सुरु भएको नेपाल प्रहरी अस्पतालले प्रहरी कर्मचारीहरुलाई निशुल्क सेवा, पूर्व प्रहरी तथा तिनका आश्रित परिवारहरुलाई अति न्यून शुल्कमा सेवा उपलब्ध गराउदै आएको छ भने शुलभ मूल्यमा सर्वसाधारण नागरिकहरुलाई समेत २०७४ सालबाट सेवा दिईरहेको छ । कार्यक्रमा प्रहरी अतिरिक्त महानिरिक्षक एवं नेपाल प्रहरी अस्पतालकी मेडिकल डाइरेक्टर डा.दुर्गा थापाले स्वागत मन्तब्य ब्यक्त गर्नुभएको थियो भने प्रहरी नायब महानिरिक्षक एवं नायब मेडिकल डाइरेक्टर डा.मिनराज पाठकले धन्यबाद ज्ञापन गर्नुभएको थियो ।
कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, विभागीय प्रमुख सरोज बस्नेत, शाखा कार्यालय नक्सालका प्रबन्धक ईश्वरी न्यौपाने, त्रिभुवन विश्वविद्यालय रक्त संचार केन्द्रका नुमामाया गुरुङ्ग, प्रहरी अतिरिक्त महानिरिक्षक ठूले राई, उच्च प्रहरी अधिकृतहरु, प्रहरी कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो ।



रक्त संचार केन्द्र
BLOOD BANK




फिजियोथेरापी